# मिक्लाजुङ गाउँपालिका
# Miklajung Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive

मधुमल्ला, (मोरङ)
Madhumalla, (Morang)
Website : www.miklajungmunmorang.gov.np
Email: miklajungrmun@gmail.com
Contact No.: 021-400001
कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र सं. (L.No.) : २०८१।०८२
चलानी नं. (Ref No.) :

### सेवा करार पदपुर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकासित मिति :२०८१/१०/२०

यस गाउपालिकामा प्राप्त संघीय सशर्त अनुदान र स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि २०७९ बमोजिमको तपसिलमा उल्लिखित पद रिक्त रहेकाले सेवा करारद्वारा पूर्ति गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रित पूर्वकको दरखास्त फारम पेश गर्नुहुन यो सूचना प्रकासित गरिएको छ ।

**तपशिल**

| विज्ञापन नं. | पद/श्रेणी | तह | माग पद संख्या | न्यूनतम योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १०/२०८१/०८२ | पशु चिकित्सक | अधिकृतस्तर छैटौं वा सो सरह | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु चिकित्सा विषयमा B.VSc. & A.H./B.V.Sc. वा सो सरहको स्नातक तह उत्तिर्ण गरी नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको । | रु.१०००।- |

१. **दरखास्त दिने स्थान** : मिक्लाजुङ गाउँ कार्यपालिको कार्यालय, मधुमल्ला, मोरङ ।
२. **छनौटको किसिम** : प्रारम्भिक योग्यता कम, लिखित परीक्षा, तथा अन्तरवार्ता ।
३. **दरखास्त दिने अन्तिम मिति** : २०८१/११/०४ गते कार्यालय समय भित्र ।
४. **पाठ्यक्रम** : लोकसेवा आयोगले प्रकाशित गरेको कृषि सेवा भेटेरिनरी समूह रा.प.तृतिय श्रेणीको लागि जारी गरे बमोजिम हुनेछ ।
५. **काम गर्नुपर्ने क्षेत्र** : मिक्लाजुङ गाउँपालिका क्षेत्र भित्र ।
६. **तलव सुविधा** : अधिकृतस्तर छैटौं सरह हुनेछ ।
७. **उमेरको हद** : दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको) ।
८. विदेशी वोर्डवाट शैक्षिक योग्यता हाँसिल गरेका उम्मेदवारहरुले समकक्षताको प्रमाण पत्र अनिवार्य पेश गर्नुपर्ने छ ।
९. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रहरु तथा चारित्रिक प्रमाणपत्रका प्रतिलिपि, अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि, नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपी र तीन प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो । सरकारी क्षेत्रको कार्य अनुभवलाई विशेष मान्यता दिइनेछ ।
- पेश गरिएका सबै प्रतिलिपिहरुको पछाडी उम्मेदवार स्वयम् ले सक्कल बमोजिम नक्कल ठिक भएको उल्लेख गरी आफैले प्रमाणित गरेको हुनु पर्नेछ । अन्तरवार्तामा सहभागि हुन आउँदा सम्पूर्ण प्रमाणपत्रहरुका सक्कल अनिवार्य रुपमा लिई आउनु पर्नेछ ।

१०. दरखास्त दस्तुर वापतको रकम मिक्लाजुङ गाउँ कार्यपालिकाको कार्यालयमा बुझाई सो को सक्कलै रसिद दरखास्त साथ पेश गर्नुपर्नेछ ।
११. दरखास्त आवेदन फारम तथा थप जानकारीका लागि मिक्लाजुङ गाउँ कार्यपालिका कार्यालयको प्रशासन शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।